# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली

बागमती प्रदेश, नेपाल


पत्र संख्याः-२०७९/०८०

## युवा उद्यमशीलता कार्यक्रममा सहभागिताको लागि आवेदन माग सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मितिः-२०७९/०९/२९)*

मरिण गाउँपालिकाको युवा/युवती उद्यमशीलता विकासका लागि बैंक बाट सहुलियत ब्याजदरमा ऋण प्राप्ति गर्न सहजीकरण कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०७९ अनुसार उत्पादनमा युवा उद्यमशीलता विकासको प्रयोजनार्थ बैंक बाट सहुलियत ब्याजदरमा ऋण प्राप्तिका लागि सहजीकरण कार्यक्रममा (बाख्रा/गाई/भैसी/लोकल कुखुरा/वंगुर/तरकारी/माछा/अन्य कृषि तथा पशु सम्वन्धी) सहभागी हुन १८ देखि ४५ वर्षका युवा (महिला, पुरुष, अन्य) हरुद्धारा तोकिएको शर्तको अधीनमा रहि सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र आवेदन पेश गर्नुहुन यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**क) आवेदन पेश गर्नका लागि पूरा गर्नुपर्ने न्यूनतम शर्तहरूः**

- कृषि तथा पशुपंक्षीसँग सम्बन्धित व्यवसाय गरिरहेका वा गर्ने योजनामा रहेका १८ देखि ४५ वर्ष उमेर समूहका युवाहरू, (महिला, पुरुष वा अन्य)
- मरिण गाउँपालिका भित्र स्थायी बसोबास भएका नेपाली नागरिक,
- मुख्य पेशाको रुपमा कृषि र पशुपंक्षी पालन वा सो सम्बन्धी व्यवसाय गरिराखेको वा गर्न चाहेको,
- समूह वा सहकारीमा आवद्ध भई काम गर्न इच्छुक भएको,
- नवीनतम् कृषि वस्तु उत्पादन सम्बन्धी व्यवसाय, बैदेशिक रोजगारीबाट फर्केर कृषि तथा पशुपंक्षीसँग सम्बन्धित व्यवसाय गरिरहेकालाई विशेष प्राथमिकता,
- आधिकारिक रुपमा व्यवसाय (फर्म) दर्ता भएको वा भविष्यमा दर्ता गर्न इच्छुक भएको,
- एकाघर परिवारका सदस्यहरुको जमानी आवश्यक,
- यस सम्झौता बमोजिम कर्जा लिने व्यक्ति/फर्मले नेपाल सरकारको ब्याज, अनुदान उपलब्ध हुने प्रकृतिका कुनै पनि कर्जा नलिएको,

**ख) आवेदनको साथ संलग्न गर्नुपर्ने कागजातहरू**

- आवेदन फारम,
- नागरिकताको प्रतिलिपि,

**ग) आवेदन दिने स्थानः सम्वन्धित वडा कार्यालय (१ देखि ७) को कार्यालय समयमा ।**

२०७९/०९/२९

**ओम बहादुर दर्जी**
**प्रमुख प्रशासकीय अधिकृत**

*पुनश्चः-* माथि उल्लिखित विवरण पूरा गरेका युवा व्यवसायीहरूलाई आवेदन पेश गर्न आह्वान गरिन्छ । आवेदन दिएका मध्ये उपयुक्त र न्यूनतम मापदण्ड पूरा गरेकालाई प्रारम्भिक छलफलका लागि सम्पर्क गरिनेछ । साथै आवेदन फारम वडा कार्यालयमा सम्पर्क गरी वा गाउँपालिकाको वेवसाइट www.marinmun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।